# ‘नासो’ कथामा सामाजिक वास्तविकता

- **विश्वराज खतिवडा**

भक्तपुर बहुमुखी क्याम्पस।

**सार-** प्रस्तुत लेख गुरुप्रसाद मैनालीको ‘नासो’ (वि सं १९९२) कथामा पाइने सामाजिक वास्तविकताको अध्ययनसँग सम्बद्ध छ। सामाजिक वास्तविकता सम्बन्धी दृष्टिकोण फ्रान्सेली समाजशास्त्री इमाइल दुर्खिमले प्रतिपादन गरेका हुन्। ‘नासो’ सामाजिक विषयवस्तुमा लेखिएको कथा हुनाले यसलाई दुर्खिमद्वारा प्रतिपादित ‘सामाजिक वास्तविकताको सिद्धान्त’मा आधारित रही अध्ययन गरिएको छ। यस सिद्धान्तअनुसार समाज भौतिक वस्तु हो। यसको निर्माण र सञ्चालनमा धर्म, नैतिकता, आदर्श, मूल्य मान्यता आदि अभौतिक कुराको अहम् भूमिका रहन्छ। उक्त अभौतिक कुरालाई पनि तथ्य र प्रमाणका रूपमा लिन सकिन्छ। त्यसैले नेपथ्यमा रहेर भौतिक समाजलाई सञ्चालन गर्ने धर्म, नैतिकता आदि सामाजिक वस्तु हुन्। ‘नासो’ कथामा तत्कालीन समाजको प्रतिबिम्ब पाइन्छ। यस कथाको समाज धर्म अनि नैतिकताका मूल्य मान्यताअनुसार सञ्चालित परम्परागत प्रकारको छ। कथाका पात्रहरू देवीरमण, सुभद्रा, नौली, लक्ष्मी आदि पनि धर्म अनि नैतिकताकै निर्देशनअनुसार चलेका छन्। अतः प्रस्तुत कथालाई यहाँ ‘सामाजिक वास्तविकताको सिद्धान्त’का आधारमा अध्ययन गरिएको छ। अध्ययनका क्रममा यहाँ व्याख्यात्मक तथा विश्लेषणात्मक विधिको अनुसरण गरी तथ्यहरूको खोजी गरिएको छ। यस लेखमा देवीरमणलाई अर्को विवाह गर्न तथा सुभद्रालाई सौता भित्र्याउन बाध्य पार्ने प्रमुख कारक तत्त्व धर्म, नैतिकता, आदर्श र मूल्य मान्यताको सामाजिकता जस्ता कुरा असामाजिक वस्तु नभई अभौतिक सामाजिक वस्तु हुन् भन्ने निष्कर्ष निकालिएको छ।

**बीज शब्द -** भौतिक सामाजिक वास्तविकता, अभौतिक सामाजिक वास्तविकता, सामाजिक एकता, सामाजिक प्रतिनिधित्व, सामाजिक तरङ्ग।

## १ परिचय

प्रस्तुत लेखको विषय ‘नासो कथामा सामाजिक वास्तविकता’ रहेको छ। गुरुप्रसाद मैनालीको ‘नासो’ (**शारदा,** वि सं १९९२) कथा सामाजिक विषयवस्तुमा लेखिएको छ। यस कथाले मूल रूपमा हाम्रा समाजमा कानुन निषिद्ध भएर पनि अझैसम्म प्रचलित बहु विवाहको समस्यालाई केन्द्रीय

विषय बनाएको देखिन्छ। तत्कालीन नेपाली समाजको प्रतिच्छवि उतार्न सफल यस कथाका पात्रहरू धर्म, आदर्श, नैतिकताद्वारा कठपुतलीझैँ नचाइएका छन्। धर्म, आदर्श, नैतिकता जस्ता कुरा असामाजिक नभई तत्कालीन समाजको सञ्चालक शक्तिका रूपमा रहेका सामाजिक वस्तु हुन् भन्ने कुरो कथा पढ्दा थाहा पाइन्छ। त्यसैले 'नासो' कथा तत्कालीन नेपाली समाजको सग्लो चित्र हो। नेपाली समाजबाटै सामग्री लिएर रचना गरिएको यस कथाको विश्लेषणका लागि समाजशास्त्रको सहायता उपयोगी हुने देखिन्छ। यस लेखमा फ्रान्सेली प्रकार्यवादी समाजशास्त्री इमाइल दुर्खिमद्धारा प्रतिपादित 'सामाजिक वास्तविकताको सिद्धान्त'का आधारमा 'नासो' कथाको विश्लेषण गरी मैनालीले प्रस्तुत गरेका सामाजिक वास्तविकताको निरूपण गरिएको छ।

इमाइल दुर्खिमको 'सामाजिक वास्तविकताको सिद्धान्त' समाजशास्त्रीय सिद्धान्त हो। दुर्खिमले साहित्यको समाजशास्त्रबारे छुट्टै चर्चा गरेको पाइँदैन तर साहित्य र समाजशास्त्र दुवैका अध्ययनको मूल आधार समाज नै भएकाले यस लेखमा दुर्खिमको सामाजिक वास्तविकता सम्बन्धी दृष्टिकोणलाई कथा विश्लेषणका लागि अवधारणा बनाई 'नासो' कथाको अध्ययन गरिएको छ। यस लेखमा देवीरमणलाई अर्को विवाह गर्न तथा सुभद्रालाई सौता भित्र्याउन बाध्य पार्ने प्रमुख कारक तत्त्व धर्म, नैतिकता, आदर्श र मूल्य मान्यताको सामाजिकता कसरी हुन् भन्ने कुराको खोजी गरिएको छ।

## २ सामाजिक वास्तविकता : सैद्धान्तिक अवधारणा

'नासो कथामा सामाजिक वास्तविकता' शीर्षक यस अध्ययनको सैद्धान्तिक पर्यायधारका लागि दुर्खिमद्वारा प्रतिपादित सामाजिक वास्तविकता सम्बन्धी धारणालाई आधार बनाइएको छ। प्रकार्यवादी समाजशास्त्री डेभिड इमाइल दुर्खिम ( ईस्वी १८५८–१९१७) ले **रुल्स अव् सोसियोलजिकल मेथड**[१] नामक पुस्तकमा 'समाजशास्त्रको अध्ययन क्षेत्र व्यक्ति नभई समाज हो' भन्ने जुन अवधारणा प्रतिपादन गरेका छन् त्यसैलाई 'सामाजिक वास्तविकताको सिद्धान्त' भनिन्छ। यस सिद्धान्तमा उनले व्यक्तिलाई भन्दा समाजलाई बढी महत्त्व दिएका छन्। समाजको निर्माण व्यक्ति व्यक्ति मिलेर हुन्छ, सबै व्यक्तिका समान इच्छा आकाङ्क्षाहरूको संयोजनबाटै सामाजका नीति नियमहरू पनि बन्दछन् तर जब मान्छे व्यक्तिबाट सामाजिक प्राणीका रूपमा रूपान्तरित हुन्छ त्यति

[१] हरिश्चन्द्र उप्रेती (अनु), ई सं १९८२, **समाजशास्त्रीय पद्धति के नियम**, राजस्थान, हिन्दी ग्रन्थ अकादमी, पृ ६

बेला व्यक्ति गौण र समाज प्रबल हुन्छ। यस्तो अवस्थामा व्यक्ति समाज अगाडि निरीह बन्न पुग्छ।[२] यसरी दुर्खिमले समाजको अध्ययनका लागि व्यक्तिलाई महत्त्व दिने पूर्ववर्ती परम्परा त्यागी समाजशास्त्रको अध्ययन क्षेत्र व्यक्ति नभई समाज हो भन्ने कुरो पहिलोपटक स्पष्ट पारेका छन्। उनको कथन छ – 'कुनै पनि व्यक्तिको व्यक्तित्व निर्माण उसको सामाजिक परिवेशद्वारा हुन्छ र यसैबाट व्यक्ति नियन्त्रित र सञ्चालित हुन्छ। हरेक मानिसका बेग्ला बेग्लै विचार भावनाहरू हुन्छन् तर जब ती समूहको अङ्ग बन्दछ, त्यति बेला ती विचार, भावना वैयक्तिक नभई सामूहिक बन्दछन्। यिनै सामूहिक विचार र भावनाले व्यक्तिलाई निर्देशित गरिरहेको हुन्छ।'

दुर्खिमले समाज निर्माणको घटकका रूपमा भौतिक तथा अभौतिक सामाजिक वस्तुहरू दुवै रहने तथ्य प्रस्तुत गरी सामाजिक वास्तविकतालाई भौतिक र अभौतिक गरी दुई प्रकारमा वर्गीकरण गरेका छन् -

**क) भौतिक सामाजिक वास्तविकता**

दुर्खिमअनुसार समाज भनेको परिवार, विवाह, नाता सम्बन्ध, शैक्षिक, आर्थिक, राजनीतिक संरचना आदि बिचको अन्तर्सम्बन्ध र अन्तर्निर्भर एकता हो।[३] मानव सामाज भौतिक सामाजिक वस्तु हो भने जनसङ्ख्या वितरण, सञ्चार माध्यम, बसोबास, राज्य, मन्दिर आदि यसका घटक हुन्। उक्त सामाजिक घटकका पारस्परिक एकताबाट समाजको निर्माण भएको हुन्छ। दुर्खिमले हाम्रा समाजमा यान्त्रिक ऐक्यबद्धता र भौतिक ऐक्यबद्धता दुई प्रकारले सामाजिक एकता हुँदै आएको तथ्य प्रस्तुत गरेका छन्। धर्म, आदर्श, नाता सम्बन्ध, सामूहिक भावना आदिबाट समाजका सदस्यहरू पारस्परिक एकतामा आबद्ध  समाजलाई दुर्खिमले यान्त्रिक ऐक्यबद्धताको समाज भनेका छन्। परम्परागत प्रकारको यस्तो समाजका प्रत्येक सदस्यले व्यक्तिगतभन्दा सामूहिक उत्तरदायित्व वहन गर्दछन्। उनीहरू समाज समूहका विचारअनुसार चल्दछन्। यसरी सानातिना इच्छा आकाङ्क्षाहरू दबाएर पनि समाजप्रति उत्तरदायी हुने मानिसहरूबिच पारस्परिक एकता भएको समाज नै यान्त्रिक ऐक्यबद्धताको

---

[२] प्रभाकरलाल दास र अन्य, वि सं २०६१, **विश्वका प्रमुख मानवशास्त्रीहरू एक परिचय**, काठमाडौँ, रेखारानी प्रकाशन, पृ १५६

[३] सी एन शङ्कर राव, ई सं २००८, **प्रिन्सिपल्स अव् सोसियोलजी विथ एन इन्ट्रोडक्सन टु सोसियल थट**, छैटौँ संस्करण, न्यु दिल्ली, एस चन्द एन्ड कम्पनी लिमिटेड, पृ ७०८

समाज हो।[४] त्यस्तै आजको अधुनातन समाजका मानिसहरू धर्म, नाता सम्बन्धले नभई श्रमका कारणले सामाजिक एकतामा आबद्ध हुँदै गएका छन्। समाजका सदस्यहरूबिच यस्ता पारस्परिक एकता भएको समाजलाई दुर्खिमले जैविक ऐक्यबद्धताको समाज भनेका छन्।

**ख) अभौतिक सामाजिक वास्तविकता**

भौतिक रूपमा अस्तित्वमा नदेखिने तर सामाजिक अस्तित्वमा रहेका समाजका धारणा, मूल्य मान्यता, धर्म, नैतिकता, परम्परा, संस्कृति, आदर्श, रीति रिवाज, चालचलन आदि अभौतिक सामाजिक वस्तु हुन्।[५] उक्त अभौतिक सामाजिक वस्तुले व्यक्तिका मानसमा रहेर उसलाई निर्देशित गरिरहेको हुन्छ। वर्षौंदेखि मानिसले आफ्नै ठानेर लिएका धारणा, विचार, मूल्य मान्यता आदि उसका मानसमा घरजम गरेर बसेका हुन्छन् जुन मनोवैज्ञानिक तथ्य पनि होइनन् र झट्ट हेर्दा आन्तरिक कुरा हुन् कि जस्ता पनि लाग्छन्। तर यी आन्तरिक नभएर बाह्य हुन्छन्।[६] उनीअनुसार यस्ता सामाजिक वस्तुले व्यक्तिको इच्छा चेतनाभन्दा स्वतन्त्र रहन्छ र व्यक्तिका लागि बाह्य र बाध्यकारी शक्तिका रूपमा उसलाई अधिशासित गर्दछ।[७] कानुन, धर्म, रीति रिवाज, प्रथा जस्ता नियमका रूपमा आएर यिनले व्यक्तिको स्वतन्त्रतामाथि हस्तक्षेप गरी उसलाई सामाजिक नियम पालन गराउन नैतिक दबाउ पनि दिन्छ। यसर्थ व्यक्तिभन्दा बाहिर रहेर पनि व्यक्तिका मनमा प्रभाव पारिरहने यी कुरा अभौतिक भएर पनि प्रामाणिक रूपमा सिद्ध गर्न सकिने सामाजिक वस्तु हुन्।[८] यिनीहरूको नागपासको घेराबाट मान्छे कसरी बाँधिरहेको हुन्छ भने ऊ स्वयम्बाटै पनि उम्कन सक्दैन। कसैले गल्ती गर्‍यो भने उसले परको शक्तिबाट दण्डित हुनु भन्दा पहिले आफूबाटै दण्डित भएको अनुभूत गर्दछ किनभने समाजको प्रतिनिधि ऊ स्वयम् पनि हो। समाजले निर्माण गरेका धर्म, आदर्श, नैतिकता आदिमा उसको पनि अप्रत्यक्ष सहभागिता र समर्थन रहने हुनाले व्यक्ति द्वैध मानसिकतामा पर्दछ। प्रचलित रीति रिवाजको शक्तिशाली अधिनायकत्वले सामाजिक विचलन विरुद्ध अदृश्यबाटै पहरा गरिरहेको हुन्छ र

---

[४] इमाइल दुर्खिम, ई सं १८९३-१९५६, **द डिभिजन अव् लेवर इन सोसाइटी,** न्यु योर्क, द फ्री प्रेस, पृ १२९

[५] जर्ज रित्जर, ई सं २०००, **सोसियोलजिकल थ्योरी,** न्यु योर्क, म्याक ग्रेल हिल इन्क, पृ ७६

[६] हरिश्चन्द्र उप्रेती (अनु), **समाजशास्त्रीय पद्धति के नियम**, पूर्ववत्, पृ १

[७] शम्भुलाल दोषी र प्रकाशचन्द्र जैन, ई सं २०१८, **इमाइल दुर्खिम समाजशास्त्रीय अध्ययन**, रावत पब्लिकेसन्स, पृ १५२

[८] जर्ज रित्जर, **सोसियोलजिकल थ्योरी**, पूर्ववत्, पृ ७६

व्यक्तिलाई सोहीअनुसार चल्न बाध्य पारिरहेको हुन्छ। यसै कारण दुर्खिमका विचारमा धर्म, आदर्श, नैतिकता जस्ता कुरा असामाजिक नभई समाजलाई भावनात्मक एकताका सूत्रमा बाँधी समाजका नियमन र व्यवस्थापनमा अहम् भूमिका खेल्ने सामाजिक वस्तु हुन्।[९] आज हामी जसलाई समाज भन्दछौँ, त्यो तिनै अभौतिक सामाजिक वस्तुको भावनात्मक ऐक्यबद्धताकै सामूहिक प्रतिनिधित्वको प्रतीक हो। समाजको मूल स्वरूप त समाजका सदस्यहरूभित्र परम्परादेखि रहिआएका धार्मिक, नैतिक र सामाजिक मान्यताहरू हुन्। समाज देखिने चङ्गा हो भने त्यसलाई नेपथ्यमा लट्टाई लिएर बसेका धर्म, नैतिकता आदिले भित्रभित्रै सञ्चालन गरिरहेको हुन्छ। सामाजिकताका सम्बन्धमा समाज सञ्चालनका लागि अभौतिक रूपमा आउने धर्म, नैतिकता, आदर्श र मूल्य मान्यताको तल चर्चा गरिन्छ –

## धर्म, नैतिकता, आदर्श र मूल्य मान्यताको सामाजिकता

दुर्खिमले धर्मलाई समाजको उपजका रूपमा लिएका छन् पवित्र वस्तुलाई सम्मान र पूजा गर्ने क्रममा मानिसले धर्मको स्थापना गरेको हो भन्ने दुर्खिमको धारणा छ। प्राचीन समाजमा मानवता, नैतिकता जस्ता कुराको मुख्य आधार नै धर्म थियो। सामाजिक मूल्य मान्यताबाट मानिस शासित हुन र सामाजिक एकता कायम गर्न समाजले नै नैतिकताको सिर्जना गरेको हो। नैतिकता भन्नु पवित्रता हो र पवित्रता भन्नु धर्म हो। कुनै पनि धर्मको सार समाज नै हो।[१०] समाजलाई व्यवस्थित रूपले सञ्चालन गर्ने भौतिक वस्तु नभएर नैतिक जिम्मेवारी नै महत्त्वपूर्ण शक्तिका रूपमा रहेको हुन्छ। आधुनिक समाजमा पुलिस, प्रशासन जस्ता कानुनी संस्थाले गर्ने काम परम्परागत समाजमा नैतिकताले गर्दथ्यो। त्यही नैतिकताले आज कानुनको रूप लिएको मात्र हो। यसर्थ स्वर्ग–नर्क, पाप–पुण्य कुल–पितृ, देवी–देवता आदि धर्मसँग सम्बद्ध सम्पूर्ण कुरा सामूहिक नैतिकता हुन्। यिनको निर्माण समाजबाटै समाजका लागि भएको हुनाले धर्म समाजको प्राथमिक रूप हो।[११] मान्छेले धर्म गरिरहेको बहानामा

---

[९] जर्ज रित्जर, **सोसियोलजिकल थ्योरी**, पूर्ववत्, पृ ७६

[१०] शम्भुलाल दोषी र प्रकाशचन्द्र जैन, **इमाइल दुर्खिम समाजशास्त्रीय अध्ययन**, पूर्ववत्, पृ १९०

[११] जर्ज रित्जर, **सोसियोलजिकल थ्योरी,** पूर्ववत्, पृ ९०

सामाजिक नियम आदर्शको पालन गरिरहेको हुन्छ। समाज नै वास्तविक देवता हो। धर्मको सार नै समाजको पूजा हो। [१२]

दुर्खिमअनुसार धर्म, नैतिकता जस्ता अभौतिक सामाजिक वस्तु अधिक शक्तिशाली हुन्छन्। व्यक्ति राज्यको कानुन, बाहिरी दुनियाँको आँखा आदिबाट उम्कन सक्ला तर पुस्तौँ पुस्तादेखि चलिआएको धर्म, नैतिकता जस्ता सामाजिक शक्तिको चौघेराबाट उम्कन सक्तैन। यिनले व्यक्तिलाई आफूभित्रैबाट तथा बाहिरबाट खबरदारी गरिरहेको हुन्छ। त्यसैले आकाङ्क्षाहरूलाई दबाएर पनि व्यक्ति समूहको इसारा अनुसार चल्न बाध्य हुन्छ। यी वस्तुहरूले व्यक्तिको इच्छा वा चेतनाभन्दा स्वतन्त्र रहेर व्यक्तिलाई नियम पालन गर्न नैतिक दबाउ दिन्छ।[१३]

## ३ 'नासो' कथामा पाइने सामाजिक वास्तविकताको विश्लेषण

गुरुप्रसाद मैनालीको 'नासो' कथा सामाजिक विषयवस्तुमा लेखिएको छ।[१४] नेपाली समाजबाटै सामग्री लिएर रचना गरिएको यस कथाको विषयवस्तु, पात्र, परिवेश नितान्त सामाजिक वास्तविकताले युक्त छन्। मैनालीका कथामा व्यक्तिका जीवनमा परेको दुख, व्यवधान र सङ्कटलाई उसकै वैयक्तिकता भन्दा सामाजिक परिप्रेक्ष्यमा स्वीकार गरिएका छन्।[१५] यस कथाले मूल रूपमा हाम्रा समाजमा कानुन निषिद्ध भएर पनि अझैसम्म प्रचलित बहु विवाहको समस्यालाई केन्द्रीय विषय मानेको छ।[१६] वि सं १९९२ तिरको नेपाली समाजको प्रतिबिम्ब उतारिएको यस कथामा धर्म र नैतिकताका प्रसङ्गले कथामा वर्णित सामाजिक संरचनामै महत्त्वपूर्ण प्रभाव पारेको देखिन्छ। यी तत्कालीन सामाजिक एकताका सूत्र हुन्। यिनको व्याख्या वस्तुपरक ढङ्गले गर्न सकिने हुँदा कथामा आएका धर्म र नैतिकता जस्ता कुरालाई दुर्खिमले असामाजिक कुरा नभएर सामाजिक कुरा हुन्

[१२] सी एन शङ्कर राव, ई सं २००८, **प्रिन्सिपल्स अव् सोसियोलजी विथ एन इन्ट्रोडक्सन टु सोसियलल थट**, पूर्ववत्, पृ ७०९

[१३] विश्वराज खतिवडा, वि सं २०६९, **गुरुप्रसाद मैनालीका कथामा सामाजिक वास्तविकता**, अप्रकाशित दर्शनाचार्य शोध प्रबन्ध, नेपाली केन्द्रीय विभाग, काठमाडौँ, त्रिभुवन विश्वविद्यालय, पृ ३९

[१४] प्रतापचन्द्र प्रधान, वि सं २०४०, **नेपाली कथावलोकन,** दार्जिलिङ, दिपा प्रकाशन, पृ ४३

[१५] कृष्णचन्द्रसिंह प्रधान, वि सं २०४०, **सिर्जनाको सेरोफेरो,** काठमाडौँ, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, पृ २०२

[१६] शिवप्रसाद सत्याल 'पीठ', वि सं २०४५, **समालोचनाहरू**, काठमाडौँ, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, पृ २२४

भनेका छन्। यिनकै कारण यस कथामा बहु विवाह भएको तथ्य तलको भौतिक सामाजिक वास्तविकता र अभौतिक सामाजिक वास्तकिताको विश्लेषणबाट पुष्ट हुन्छ।

**'नासो' कथामा भौतिक सामाजिक वास्तकिता**

'नासो' र 'पापको परिणम' त क्रमशः ८४ तथा ०२ सालमा लेखेको थिएँ। त्यो कुरो कथामा चित्रित त्यस समयको रीतिस्थितिबाटै स्पष्ट हुन्छ'[१७] भनेर मैनाली स्वयम्ले **नासो** कथासङ्ग्रहको 'मेरा दुई शब्द'मा उल्लेख गरेका छन्। यसरी मैनाली स्वयम्ले कथामा त्यस समयको रीति स्थिति उल्लेख गरेका कुराबाट यसमा वि सं १९९२ पूर्वको नेपाली समाजको चित्रण रहेको स्पष्ट हुन्छ। यस कथामा भौतिक सामाजिक वास्तविकताका रूपमा तत्कालीन नेपाली समाज आएको छ। कथाका पात्र देवीरमण, सुभद्रा, दुलही, सुशील, नौलीको पारिवारिक संरचना भौतिक सामाजिक वस्तु हुन्। काठमाडौँवरिपरिका ग्रामीण क्षेत्र यसको परिवेश हो। यस कथामा आएका वस्तुभाउ, घरआँगन, रुखवृक्ष, पशुपतिनाथ, खेतबारी, पल्लो गाँउ जस्ता कुरा भौतिक वस्तु हुन्। उक्त भौतिक वस्तुले ग्रामीण परिवेशको चित्रणमा अहम् भूमिका निर्वाह गरेको हुनाले ती सामाजिक वस्तु हुन् भन्ने प्रष्ट हुन्छ, जस्तै - पशुपतिनाथ हिन्दूहरूको धार्मिक आस्थाको सामूहिक प्रतिनिधित्वको प्रतीक हो। सामाजिक ऐक्यबद्धताको मूल आधारका रूपमा आएर तत्कालीन समाजलाई एउटै आस्थामा एकीकृत गर्ने पशुपतिनाथ भौतिक सामाजिक वस्तु हो।

'नासो' कथाको समाज यान्त्रिक ऐक्यबद्धतामा आधारित छ यस कथामा एउटा परम्परागत समाज छ जुन सामाजिक आदर्श अनि विश्वासमा अडेको छ। यस कथाका प्रत्येक पात्रहरू व्यक्तिगतभन्दा सामूहिक उत्तरदायित्व वहन गर्दछन्। उनीहरू समाज, समूहका विचारअनुसार चल्दछन्। परिवार, धनसम्पति, मानसम्मान आदि सम्पूर्ण कुराहरू भएर पनि कथाका पात्र देवीरमण र सुभद्रा सुखचैनमा छैनन्। उनीहरूको परत्र धर्म, ईश्वर र कुलपितृ आदि कुरामा अडेको छ जुन समाजकै मान्यता हुन्। यस कथाका पात्रहरू धर्म, आदर्श, नातासम्बन्ध, सामूहिक भावना आदिबाट पारस्परिक एकतामा आबद्ध छन्। उनीहरूको सम्पूर्ण क्रियाकलापमा सामूहिक भावना छ। उनीहरू समाजका नीति, नियम, मर्यादा, आचरणअनुसार चल्दछन्। कथाका पात्रहरू देवीरमण, सुभद्रा, दुलही, नौली

[१७] गुरुप्रसाद मैनाली, वि सं २०६२, 'मेरा दुई शब्द', ताना शर्मा (सम्पा), **नासो**, सत्रौँ पटक, काठमाडौँ, माधवप्रसाद मैनाली

पनि आफ्ना इच्छालाई भन्दा पनि सामाजिक इच्छालाई नै प्रबल ठान्दछन्। परम्परागत समाजका सदस्यहरू भएको यस्तो प्रकारको समाजलाई दुर्खिमले यान्त्रिक ऐक्यबद्धताको समाज भनेका छन्।

'नासो' कथामा मैनालीले आफ्ना समयको नेपाली समाजको सांस्कृतिक परम्परागत चित्रहरू अङ्कित गरेका छन्।[१८] समाजका तथ्यपरक कुरा उतारिएको यस कथामा तत्कालीन नेपाली समाजको वास्तविक प्रतिच्छवि देख्न सकिन्छ। मैनालीले कथा लेखनका लागि परम्परागत समाजलाई रोजे जुन समाजमा सामाजिक मूल्य मान्यताप्रति सबैको विश्वास छ। सामाजिक विषयवस्तुमा लेखिएका मैनालीका कथाहरूमा समाजका सामाजिक र आर्थिक द्वन्द्वको सूक्ष्म निरीक्षण गरिएको छ।[१९] कथाका समाजमा कामको विशिष्टीकरण छैन। एउटै व्यक्तिले विभिन्न प्रकारका काम गर्दछ जस्तै कथाकी प्रमुख पात्र सुभद्रा गृहिणी मात्र होइनन्। उनी गोठका वस्तुभाउको रेखदेख गर्छिन्, खेतीबारी तथा भान्सेको काम गर्छिन् र पतिका गोडा पनि मोल्छिन्। सुभद्राले घर छाडेर गए पछि 'वस्तुभाउका हाडछाला मात्र छन् खेतीबारी अधियामा दिइएको छ।'[२०] यसर्थ कथामा सामाजका सदस्यहरूबिच साझा जिम्मेवारी छ, साझा विश्वास छ।

## 'नासो' कथामा अभौतिक सामाजिक वास्तविकता

'नासो' कथामा पाइने धर्म, नैतिकता अनि आदर्श अभौतिक सामाजिक वस्तु हुन्। यिनले कथाका विषयवस्तु, परिवेश तथा पात्रका मानसलाई निर्देशित गरिरहेका छन्। यसर्थ धर्म, नैतिकता, आदर्श र मूल्य मान्यताको सामाजिकताका आधारमा यस कथाको विश्लेषण तल गरिएको छ -

दुर्खिमले धर्म अनि नैतिकतालाई समाजको उपजका रूपमा लिएका छन्। पवित्र वस्तुलाई सम्मान र पूजा गर्ने क्रममा मानिसले धर्मको स्थापना गरेको हो भन्ने दुर्खिमको धारणाझैँ 'नासो' कथामा धर्म, नैतिकता, आदर्श र मूल्य मान्यता सामाजिक वस्तुका रूपमा आएर देवीरमण अनि सुभद्राका समाजलाई तिनले नेपथ्यबाटै अधिशासित गरिरहेका छन्। कथाका पात्रहरू धर्मद्वारा

---

[१८] मुरारीप्रसाद रेग्मी, वि सं २०३८, **मनोवैज्ञानिक अनुसन्धानात्मक समालोचना** (कथा खण्ड), काठमाडौँ, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, पृ ३

[१९] दयाराम श्रेष्ठ, वि सं २०३८, **नेपाली कथा र यथार्थवाद,** अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, मानविकी तथा सामाजिकशास्त्र अध्ययन संस्थान, काठमाडौँ, त्रिभुवन विश्वविद्यालय, पृ १७६

[२०] गुरुप्रसाद मैनाली, 'मेरा दुई शब्द', पूर्ववत्, पृ ७

निर्देशित आज्ञा मान्न वा नमान्न स्वतन्त्र छन् तर उनीहरू परम्परादेखि निर्देशित धार्मिक सेरोफेरोभन्दा बाहिर उम्कन सक्तैनन् 'पात्र सामाजिक यथार्थका रूपमा कथाको मञ्चमा आउँछ तर अन्त्यतिर पात्रहरू नियोजित निष्कर्षका कठपुतलीझैँ व्यवहार गर्छन्।[२१] उनीहरूभित्रको समाज धार्मिक भएकाले पात्रहरू धर्मले निर्देशन गरेअनुसार चल्न बाध्य हुन्छन्। समाज सत्य छ भने नेपथ्यमा रहेर समाजलाई सञ्चालन गर्ने धर्म, नैतिकता, आदर्श आदि असत्य हुने कुरै भएन। यसर्थ मैनालीका कथामा नेपाली समाजको स्पष्ट झाँकी प्रस्तुत भएको छ।[२२] देवीरमणलाई अर्को विवाह गर्न तथा सुभद्रालाई सौता भित्र्याउन बाध्य पार्ने प्रमुख कारक धर्म, नैतिकता, आदर्श र मूल्य मान्यताका सामाजिकता नै हुन् भन्ने तथ्यलाई 'नासो' कथाको तलका निम्न अभिव्यक्तिबाट स्पष्ट पार्न सकिन्छ - 'सन्तान होस् भन्नका निमित्त हरएक उपाय गरे। चौतारो चिने, बाटो खने, पशुपतिमा महादीप बाले, गए साल हरिवंश पुराण लगाए, तैपनि सुभद्राको कोख सफल हुन सकेन। जोरीपारीसँग ठोकाबाजी पर्दा धन, बलबुद्धि सबै कुरामा देवीरमणको जित हुन्थ्यो तर 'अपुतो' भनेको सुन्ने बित्तिकै उनको अभिमान धुलो हुन्थ्यो, आत्मग्लानिले पानी हुन्थे पुराना विचारका मानिस थिए सन्तानबिना आफ्नो वैभवलाई तुच्छ सम्झन्थे।'

> 'बिचरी सुभद्रा पनि खिन्न थिइन् छिमेकका आइमाईले छोरा–छोरी खेलाएको देखेर उनलाई रहर लाग्थ्यो। सन्तानका आशाले सरल नारी स्वभाववश धामी–झाँक्रीको बूटी–जन्तर बाँधिन्, देवीदेवताको भाकल गरिन्। तीर्थ, व्रत, पूजा, पाठ पनि गरिन् तर दैवले नसुनिदिएपछि कसको के लाग्दो रहेछ र?'[२३]

उक्त अभिव्यक्तिबाट देवीरमण र सुभद्रा धार्मिक मान्यतामा विश्वास गर्ने पुराना विचारका व्यक्ति थिए भन्ने स्पष्ट हुन्छ। धन सम्पत्ति, मान सम्मान आदि कुरा भएर पनि देवीरमण र सुभद्रा सुखी छैनन्। उनीहरूको परत्र अर्कै छ। उनीहरू आफूभन्दा भिन्न तर आफूभित्र रहेको हिन्दू धर्मरूपी अभौतिक सामाजिक वास्तविकताको बन्दी बनेर त्यसैको निर्देशनअनुसार चल्न विवश बनेका छन्। त्यसैले उनीहरूलाई सन्तान चाहिएको छ। उनीहरूको सामाजिक सचेतनाले सुभद्रामाथि सौता हाल्न

---

[२१] वासुदेव त्रिपाठी, वि सं २०२८, **विचरण,** काठमाडौँ, भानु प्रकाशन, पृ ४८

[२२] चन्दाकुमारी जैन, वि सं २०५६, **मैनालीः नासो इक अध्ययन तथा विश्लेषण**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, हिन्दी केन्द्रीय विभाग, काठमाडौँ, त्रिभुवन विश्वविद्यालय, पृ ८५

[२३] गुरुप्रसाद मैनाली, 'मेरा दुई शब्द', पूर्ववत्, पृ १

बाध्य पारिरहेको छ। 'परम्परागत हिन्दू संस्कृतिमा छोरो भएन भने स्वर्गको द्वार बन्द हुन्छ, देवी देवता रिसाए भने अनिष्ट हुन्छ भन्ने जस्ता मान्यता जीवित भएका कारण त्यो परम्परा तथा संस्कृति मान्ने मानिसहरू नेपालका ग्रामीण समाजमा १९८४ सालअघि र झन्डै झन्डै हालसम्म नै पनि हाम्रा समाजमा देखिन्छन्।'[२४]आदिकालदेखि चलिआएको धर्म र नैतिकताले देवीरमण र सुभद्राका विचारलाई अधिशासित गरेको छ। सन्तान नभएकाले कुलपितृ नतर्लान्, मृत्युपछि आफू पनि स्वर्ग नगइएला भन्ने भयका कारण अथवा वरत्रको भन्दा परत्रको लालसाले उनीहरू सन्तानको चाह गर्दछन्। त्यस्तो लालसाले उनीहरूको वर्तमान चेतनालाई नियन्त्रित र निर्देशित गरिरहेको छ। समाजलाई निर्देशित र नियन्त्रित गर्ने तत्त्वले उनीहरूलाई पनि डोहोऱ्याइरहेको छ। आफ्ना इच्छा, चाहनाका विरुद्ध उभिन उनीहरूलाई बाध्य पारिएको छ। उनीहरू आफ्ना इच्छा त्यागेर समाजका इच्छाअनुकूल चल्नु पर्ने हुन्छ सन्तान देवीरमण र सुभद्राको भन्दा पनि धर्मको चाहना हो जसले सामाजिक रूप धारण गरेको छ यसैले तत्कालीन सामाजिक संरचनामा प्रत्यक्ष प्रभाव पार्ने धर्म सामाजिक शक्ति हो। सन्तान नभए परत्र सुध्रिँदैन भन्ने धार्मिक इच्छाका अगाडि देवीरमण र सुभद्रा निरीह बनेका छन्। उक्त अभौतिक वस्तुका अगाडि उनीहरूको वैभव र व्यक्तिगत स्वार्थ तुच्छ छन्। मैनालीका कथाहरू यथार्थमा हाम्रै समाजले भोगेका सुख दुःख हुन्।[२५] यस्तै सामाजिक वास्तविकतालाई प्रस्तुत गरेको हुनाले 'नासो' कथा तत्कालीन समाजको ऐना हो।

'नासो' कथाको उक्त अभिव्यक्तिमा हिन्दू धर्मअनुकूलको सामाजिक व्यवस्थापन छ। हिन्दू धर्म–संस्कृतिले तोके अनुसारका नियम देवीरमण र सुभद्राका आफ्नै हुन्। उनीहरू सामाजिक प्राणी भएकाले सामाजिक परिपाटीबाट एक्लिएर बस्न सक्तैनन्। त्यसैले परिवारमा एउटा सन्तान चाहिन्छ भन्ने समाजको इच्छा उनीहरूको पनि इच्छा बनेको छ। त्यसका लागि हिन्दू धर्मले तोकेको सामाजिक भावनाअनुरूप देवीरमण र सुभद्राले पवित्र कर्महरू गरेका छन्। सन्तान होस् भन्नाका निमित्त देवीरमणले चौतारो चिन्नु, बाटो खन्नु, पशुपतिनाथमा महादीप बाल्नु, हरिवंश पुराण लगाउनु अनि सुभद्राले बुटी–जन्तर बाँध्नु, देवीदेवताको भाकल, तीर्थ, व्रत, पूजा, पाठ गर्नुबाट कथामा उनीहरू दुवै परिस्थितिका दास बनेका छन् भन्ने प्रष्ट हुन्छ सुभद्रामाथि सौता हालेर अन्याय नगर्ने

---

[२४] मुकुन्द घिमिरे, वि सं २०५८, **नासो कथासङ्ग्रहको समाजशास्त्रीय अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र,नेपाली केन्द्रीय विभाग, काठमाडौँ, त्रिभुवन विश्वविद्यालय, पृ ४५

[२५] दैवज्ञराज न्यौपाने, वि सं २०२८, 'कथाकार मैनाली र उनका प्रवृत्तिहरू', **द्यौराली,** वर्ष ८, अङ्क ९, पृ ६४

देवीरमणको वैयक्तिकता सामाजिक सचेतनाको अगाडि निरीह बनेको छ। 'भोगको लालसाले होइन धर्मको आज्ञाले विवाह गरेको हुँ'[२६] भन्ने देवीरमण धर्मका अगाडि लाचार बनेका छन्। उनी विवाहका लागि सुभद्राको स्वीकरणको पर्खाइमा भन्दा पनि धर्मको आज्ञा मान्न विवश छन् किनभने अपुतो भन्ने सुन्नेबित्तिकै उनको अभिमान धुलो हुन्थ्यो, आत्मग्लानिले पानी हुन्थे। सन्तानबिना आफ्नै वैभवलाई तुच्छ सम्झने देवीरमणको सन्तानप्रतिको चाहना अभौतिक रूपमा रहेर उनको जीवनलाई निर्देशित गरेकै कारण उनलाई समाजका निमित्त, धर्मका निमित्त, कुलपितृका निमित्त सन्तान चाहिएको छ अर्थात् आफ्नो परत्र सुधार्नका लागि सन्तान चाहिएको छ, वर्तमानमा घर व्यवहार चलाउन र सुखी जीवन बाँच्नका लागि होइन।

कथाकी अर्की प्रमुख पात्र सुभद्रा पनि त्यस्तै अभौतिक सामाजिक वास्तविकताको दास बनेकी छन्। उनका लागि समाज छ भने धर्म, कुलपितृहरू पनि छन्। कुलपितृहरूका लागि तर्पण, पिण्ड दिन सन्तान चाहिन्छ। सन्तान नभई आफू र आफ्ना पितृहरूको परत्र नसुध्रिने हुनाले सन्तानका लागि अनेक उपाय गरिन् तर उनको कोख सफल हुन सकेन। देवीरमणलाई अर्को विवाह गर्न दिनु उनको इच्छा होइन तर समाजको इच्छाअघि सुभद्रा पनि निरीह बनिन् र अर्कापट्टि फर्केर 'हुन्छ' भन्ने सहमति दिएकी हुन् भन्ने कुरो तलको उद्गारबाट स्पष्ट हुन्छ -

> 'ज्योतिषीहरू देवीरमणलाई अर्को विवाह गर्न सल्लाह दिन्थे परन्तु सुभद्राको आदेशबिना अर्को विवाह गर्न सक्तैनथे। सुभद्रा बहुतै पतिपरायणा रमणी थिइन् .... 'के सुभद्राले साँचो मनले सल्लाह दिएकी हो? सम्मति दिंदा किन अर्कोपट्टि फर्केर 'हुन्छ' भनेकी त? मेरो ज्यादा आग्रह देखेर 'हुन्छ' भनेकी त होइन? ओहो! मानिसहरू आफ्नो तीव्र इच्छामा अरूका सम्मतिलाई कसरी जबरजस्ती तान्छन्। छिः सुभद्राको आजीवन सेवाको पुरस्कार यहीँ हो? म के गरूँ? मलाई के दोष? सन्तानबिना स्वर्गको बाटो छेकिन्छ भन्ने हिन्दू धर्म जानोस् भोगको लालसाले होइन धर्मका आज्ञाले विवाह गरेको हुँ।'[२७]

---

[२६] गुरुप्रसाद मैनाली, 'मेरा दुई शब्द', पूर्ववत्, पृ १

[२७] पूर्ववत्, पृ १–२

उक्त उद्गारबाट कुनै हिन्दू नारीले आफ्नो पतिलाई सौता हाल्न स्वीकृति दिनु चानचुने कुरो होइन भन्ने प्रस्ट भएको छ। 'सौता भनेको मुटुको बह हो'[२८] भन्ने थाहा भएर पनि यहाँ सुभद्रा पनि धार्मिक, सांस्कृतिक रूपमा रहेका सामाजिक वास्तविकताको माखेसाङ्लामा परेर उतापट्टि फर्किएर 'हुन्छ' भन्ने सहमति दिन बाध्य छन्। यहाँ सुभद्रा व्यक्तिगतभन्दा सामूहिक उत्तरदायित्व वहन गर्दै समाज समूहका विचारअनुसार चलेकी छन्। अभौतिक रूपमा रहेको धर्मको बाध्यात्मक परिस्थितिका कारण सुभद्राको सौता भित्रिएकी छन् भन्ने यसबाट स्पष्ट भएको छ। यहाँ सुभद्रा र देवीरमण अनि उनीहरूको इच्छा वा अनिच्छासँग सामाजिक सचेतनाको कुनै सम्बन्ध छैन। बरु अभौतिक सामाजिक शक्तिअनुसार चल्न उनीहरू बाध्य छन्। कथाकी सुभद्राको समाजइच्छा र व्यक्तिइच्छाको द्वैध मनस्थितिमा समाजइच्छा नै प्रबल भएर आएको छ र वैयक्तिक इच्छालाई समाजइच्छाले दबाएको छ। दुर्खिम अभिकर्ता समाजइच्छाबाटै  निर्देशित हुन्छ भन्ने मान्दछन्।[२९] छिमेकका अरू आइमाईले सन्तान खेलाएको देख्ता सुभद्राभित्र आफ्नो पनि सन्तान भए हुन्थ्यो भन्ने सामाजिक तरङ्ग पैदा हुन्छ। यही सामाजिक तरङ्गकै कारण देवीरमण र सुभद्राका जीवनमा भौतिक रूपमै नयाँ दुलही भित्रिएकी छन्।

उपर्युक्त उद्गारबाट देवीरमणलाई सन्तानबिना स्वर्ग गइँदैन भन्ने सामाजिक चेतनाले विवाहका निमित्त अग्रसर गराएको पनि स्पष्ट हुन्छ। यद्यपि विवाहका लागि देवीरमण इच्छुक छैनन्। सुभद्रामाथि हुने अन्यायको दोष उनले 'म के गरूँ? मलाई के दोष? सन्तानबिना स्वर्गको बाटो छेकिन्छ भन्ने हिन्दू धर्म जानोस् भोगको लालसाले होइन धर्मका आज्ञाले विवाह गरेको हुँ'[२९] भनेर हिन्दू धर्मलाई दिएका छन्। यसबाट उनी वर्षौंदेखि चलिआएको सामाजिक मान्यताको अधीनमा परेका छन्  भन्ने स्पष्ट भएको छ। एकातिर सन्तानका निमित्त देवीरमणलाई विवाह गर्न प्रेरित गर्ने सामाजिक तरङ्ग छ भने अर्कातिर सुभद्रा र देवीरमणका वैयक्तिक इच्छाहरू पनि छन्। यहाँ उनीहरूको वैयक्तिक इच्छा सामाजिक इच्छाद्वारा दबाइएर सामाजिक इच्छा नै वैयक्तिक इच्छाका रूपमा रूपान्तरित भएको छ। दुर्खिमले अभौतिक रूपमा रहेका धर्म, सामाजिक मान्यताले भौतिक सामाजिक वस्तुलाई निर्देशित र नियन्त्रित गरेका हुन्छन् भने झैँ यहाँ पनि देवीरमण र सुभद्रा अभौतिक

---

[२८] गुरुप्रसाद मैनाली, 'मेरा दुई शब्द', पूर्ववत्, पृ १

[२९] रविन्द्रनाथ मुकर्जी, ई सं २०२०, **सामाजिक विचारधारा**, दिल्ली, विवेक प्रकाशन, पृ ११९

[२९] गुरुप्रसाद मैनाली, 'मेरा दुई शब्द', पूर्ववत्, पृ ३

सामाजिक वास्तविकताबाटै नियन्त्रित र निर्देशित देखिन्छन्। यसै कारण सुभद्राले 'अर्कोतिर फर्केर' देवीरमणलाई अर्को विवाहका लागि स्वीकृति दिएकी छन् भने देवीरमण पनि पतिपरायणा सुभद्रामाथि सौता हाल्न बाध्य छन्। यी दुवैका आस्थाको संसार पनि हिन्दू धर्म–संस्कृतिले तोके अनुसारको सामाजिक मान्यता नै हो। त्यही आस्थाको नियमन प्रक्रिया दुवैका लागि बाध्यात्मक बनेको छ त्यसैले सुभद्राले पनि सौताको पर्वाह गरेकी छैनन्। यसरी कथाका पात्रहरू आफूबाहिरका सामाजिक शक्तिबाट अधिशासित छन् जसलाई उनीहरूले आफ्नै ठानिरहेका छन्। यसरी 'नासो'मा सौतेनी घरव्यवहार देखाइएको छ। 'युग–सङ्क्रमणलाई औँल्याइरहने देवीरमण र सुभद्रा सम्पूर्ण नेपाली समाजका प्रतिनिधि हुन्'[३०] भनेर चन्द्रबहादुर सेवाले यो कथा सामाजिक वास्तविकताले युक्त रहेको उल्लेख गरेका छन्।

कथामा देवीरमणलाई एकातिर सुभद्राको कृतज्ञताको चिन्ता छ भने अर्कातिर हिन्दू धर्म र संस्कृतिको दबाउ छ। वास्तवमा देवीरमणले सुभद्राको कृतज्ञता सम्झँदा विवाह नगर्नु पर्ने हो तर देवीरमणका अगाडि सुभद्राको स्वार्थभन्दा पर कुनै त्यस्तो सामाजिक सचेतना शक्तिशाली बनेर आएको छ जसलाई पन्छाएर अगाडि बढ्ने साहस उनमा छैन। यही अदृश्य सामाजिक शक्तिबाट उनी निर्देशित भइरहेका छन्। 'यस कथामा लेखकले पत्नीलाई भन्दा पुत्रलाई बढी महत्त्व दिएका छन्। छोरो नभएको हुनाले नै सुभद्रामाथि सौता हाल्नु परेको हो।'[३१] यसरी 'सन्तान नभई स्वर्ग गइँदैन' भन्ने हिन्दू धर्म दृष्टिकोण देवीरमण र सुभद्राका अगाडि बलवान् भएर उभिएको छ। यी दुवैका अस्थाको संसार पनि त्यही हो। त्यही आस्थाको नियमन प्रक्रिया दुवैका लागि बाध्यात्मक बनेको छ। यसैले सभुद्राले पनि सौताको पर्वाह नगरेकी हुन् भन्ने कुरा तलका उद्गारबाट स्पष्ट हुन्छ -

> 'सौता भनेको मुटुको बह हो, आजै ओछ्यान छोड्नुपर्‍यो, भोलि घरै छाड्नुपर्छ कि के जानिसक्नु छ र?' (भन्ने नौलीको कुरालाई काट्दै सुभद्रा) 'छोड्नु परे छोडिदिउँला, कुन दौलतको चैन गरेकी छु र?'[३२]

---

[३०] चन्द्रबहादुर सेवा, वि सं २०३२, **सामाजिक कथाकार गुरुप्रसाद मैनाली**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौँ, नेपाली शिक्षण समिति, पृ ५०

[३१] घनश्याम कँडेल, वि सं २०३०, 'मैनाली युगसन्धिका कथाकार', **रूपरेखा**, पूर्णाङ्क १५२, पृ १९

[३२] गुरुप्रसाद मैनाली, 'मेरा दुई शब्द', पूर्ववत्, पृ ३

सुभद्राको उक्त अभिव्यक्तिमा उनको वैयक्तिक पीडा छ। 'सन्तान भए करले एक अँजुली पानी देला भन्ने आशाले सुभद्रा जस्तोसुकै दुःख पनि सहन तयार छिन्। सुभद्राका मनमा यस्तो स्थिति सिर्जना गराउने तत्त्व अदृश्य माजिक शक्ति नै हो जसबाट उनी निर्देशित छिन्। उनी उनको एउटा त्यागले कुल पितृ खुसी हुन्छन् भन्ने ठान्दछिन्। यही अभौतिक सामाजिक वास्तविकताले कथाको समाज सञ्चालन गरेको हुनाले नै सुभद्राले अर्को विवाह गर्न सहमति दिएकी हुन् भन्ने कुरो नयाँ दुलहीबाट जन्मेको सुशीलको बालक्रीडाको तलका वर्णनबाट अझ स्पष्ट हुन्छ -

> 'देवीरमण फलैँचामा बसेर यो अनुपम आनन्दप्रद बालक्रीडा हेरिरहेका थिए। उनलाई स्वर्गको डिलबाट पितृहरू पनि यस कुलावलम्बको बाललीला हेरिरहेका होलान् भन्ने भान भैरहेथ्यो। उनी यो शिशु सन्तानका आडमा एक महान् बलिष्ठ शक्ति लुकिरहेको देख्थे'[३३]

कथाको उक्त अभिव्यक्तिबाट सामाजिक विचारबाट निर्देशित पात्रभित्र लुकिरहेका कुल, पितृ, स्वर्गजस्ता महान् बलिष्ठ सामाजिक शक्तिको इच्छा नै सुभद्रा र देवीरमणको पनि इच्छा बन्न पुगेको कुरो स्पष्ट भएको छ। 'आफ्नो इच्छापूर्तिबाट आनन्दित सामाजिक शक्तिसँगै देवीरमण पनि आनन्दित भइरहेका छन्। समाजद्वारा नै निर्मित हिन्दू धर्म संस्कृति अनुरूपको सामाजिक मान्यतामा देवीरमणको पनि अप्रत्यक्ष सहभागिता हुनाले कुलपितृहरूले पनि स्वर्गका डिलबाट बालक्रीडा हेरिरहेका होलान् भन्ने भ्रम देवीरमणभित्रकै सामाजिक शक्तिको आनन्दानुभूति हो।'[३४]

यसर्थ यस कथामा आएको हिन्दू धर्म संस्कृति असामाजिक वा अलौकिक कुरो नभएर अभौतिक सामाजिक वस्तु हो। यसैले नै देवीरमणलाई अर्को विवाह गर्न बाध्य पारेको हो। दुर्खिम अभौतिक सामाजिक वस्तुलाई भौतिक सामाजिक वस्तुको सञ्चालक शक्ति मान्दछन्। दुर्खिमले भने झैँ यस कथामा आफ्नो इच्छा नहुँदा नहुँदै पनि धर्मको आदेशमा बिहे गर्ने देवीरमण समाजको कठपुतली मात्र भएको छ। सौताको पीडा खप्न नसकेर आफैले निर्माण गरेको घर परिवार छाडी पशुपति बस्न पुगेकी सुभद्रामा सौताप्रति सद्भाव पैदा हुनाका पछाडि लुकेर रहेको कारण बालक सुशीलप्रतिको माया अझ भनौँ पितृको उद्धारका निमित्त आएको सन्तानप्रतिको माया र परलोकको चिन्ता हो जुन सुभद्राका आस्थाको संसार हो। कथाका पात्रहरूलाई आफूले भोगिरहेको संसारभन्दा

---

[३३] गुरुप्रसाद मैनाली, 'मेरा दुई शब्द', पूर्ववत्, पृ ४

[३४] विश्वराज खतिवडा, **गुरुप्रसाद मैनालीका कथामा सामाजिक वास्तविकता**, पूर्ववत्, पृ ९३

परको अभौतिक संसार प्यारो छ। यसरी समाजबाट निर्देशित कथाका पात्र सामाजिक मान्यताको कठपुतली मात्र बनेका छन्।

यस कथाका प्रत्येक पात्र आफूभन्दा समाजप्रति बढी उत्तरदायी छन्। कथाका देवीरमण, सुभद्रा, नौली, लक्ष्मी, सुशील सबै पात्र आफैमा समाज हुन्। समाजको आफ्नो नै उनीहरूको पनि आफ्नो हो। कथामा सुभद्रा आफै समाज हो। अपुतो हुनु व्यक्तिका लागि नराम्रो त हो नै समाजका लागि पनि अशुभ हो। 'जसलाई परमेश्वरले ठगेको छ, उसलाई मानिस पनि हेला गर्दछन्'[३५] सौताबाट भए पनि सन्तान हुनु पर्छ भन्ने मान्यता सुभद्राको पनि मान्यता बनेको छ। त्यसैले सुभद्रा सन्तानका लागि 'ओछयान त के घरै छोड्न परे पनि छोडिदिउँला' भन्ने दृढ सङ्कल्प गर्न पुग्छिन्। सन्तानलाई हिन्दू धर्मले पवित्र मानेको छ। यही पवित्रता सुभद्राको धर्म बनेको छ। सुभद्रामा सामाजिकताबाहेक वैयक्तिकता पनि नभएको होइन। 'आखिर सुभद्रा पनि त नारी सुलभ कोमल हृदय भएकी पत्नी थिइन्। उनीभित्र कताकता सन्तान जन्माउनका लागि आफ्नै हातले भित्र्याएको सौतामाथि पनि डाह उत्पन्न भएको उनले चालै पाइनन्'[३६] यसरी वैयक्तिक सचेतनाकै कारण उनी पति र सौतादेखि रिसाउन पुगेकी छन्। उदाहरण -

> 'तीर्थ व्रत गर्न मलाई पो लैजानु पर्दथ्यो मेरो को छ र, छोरा न छोरी! उसको उमेर थियो, जाँदै गर्दी हो। ऊ छोरो पाएकी स्वास्नी भई, वचन हार्न सक्नु भएन। म टेक्ने समाउने केही नभएकी अनाथ, मेरो केको खोजी थियो!'[३७]

यहाँ सुभद्राको म जागृत भएर पति र ऊ (लक्ष्मी) प्रति इर्ष्यालु बनेको छ। 'सुभद्राले सौताको घोचपेच सहन नसकेर मुटुभरि संवेदना लिँदै घर छाड्न बाध्य हुनु पर्दछ।'[३८] यो सुभद्राको वैयक्तिकताले व्यक्त गरेको आक्रोश हो तर यो आक्रोश धेँरै समय टिक्तैन। उनका मानसमा रहेको घरपरिवारप्रतिको उत्तरदायित्वले उनको अहम्लाई झुकाउँछ। उनीभित्रको सामाजिक सचेतनासँग उनको वैयक्तिकता सम्झौता गर्न तत्पर हुन्छ। यहाँ मानवता सुभद्राको धर्म बनेको छ। यस कुराको पुष्टि तल उल्लेख गरिएको सुभद्राको चरित्रबाट पनि स्पष्ट हुन्छ। सुभद्राले ईश्वरलाई अलौकिक मानेकी भए

---

[३५] गुरुप्रसाद मैनाली, 'मेरा दुई शब्द', पूर्ववत्, पृ ५

[३६] रञ्जुश्री पराजुली, वि सं २०५६, **कृति विवेचना,** काठमाडौँ, सुनकोसी साहित्य प्रतिष्ठान, पृ ३९

[३७] गुरुप्रसाद मैनाली, 'मेरा दुई शब्द', पूर्ववत्, पृ ५

[३८] नरेन्द्र चापागाईँ, वि सं २०३८, **केही कृति केही प्रतिकृति**, काठमाडौँ, साझा प्रकाशन पृ २०

नौलीबाट घरको अवस्था थाहा पाए पछि पशुपतिनाथजस्तो ईश्वरलाई छोडेर घर नफर्कनु पर्ने हो तर सुभद्राका अगाडि पशुपतिभन्दा पनि ठुलो धर्म पारिवारिक स्नेह रहेको छ। उनमा पति, लक्ष्मी र सुशीलप्रति स्नेह जागृत हुन्छ। '...(दुलही) अलि झडङ्गे स्वभावकी थिई; स्वभावै त्यस्तो; एक ठाउँमा भए पछि कहिलेकाहिँ आमा छोरीमा पनि ठाकठुक हुन्छ.... पितृले के भन्लान्? चित्त दुखाए पनि आमाले दुखाई; त्यो बालकले के बिरायो?''[३९] भन्ने सामाजिक सचेतनाबाट निर्देशित भएर नै सुभद्राका लागि पुशपतिनाथभन्दा ठुलो समाज र धर्म हुन्छ र उनी घर फर्किन्छिन्।

कथामा देवीरमण पनि आफैमा समाज हुन्। उनी पनि अभौतिक सामाजिक वस्तुबाट निर्देशित र नियन्त्रित छन्। उनी सुभद्राको चित्त दुखाउनु सामाजिक दृष्टिले अपराध ठान्दछन्। यसैलाई उनी धर्म तथा विवेकको हत्या हो भन्दछन्। १२ वर्षकै उमेरदेखि उनको दैलो पोतेर धनवान् बनाउने पतिपरायण सुभद्रा उनका दृष्टिमा आफै धर्म हुन्; स्वर्गकी देवी हुन्। त्यसैले देवीरमणको धर्म र स्वर्ग शुद्ध, पवित्र र शङ्कारहित आदर्शले भरिएको समाज हो। सामाजिकता र वैयक्तिकताका द्वैधतामा परेका देवीरमण सुभद्रामाथि अन्याय भएको ठान्दा हिन्दू धर्मलाई नै दोष दिन पुग्दछन्। यहाँ अभौतिक वास्तविकताका रूपमा रहेका धर्म र स्वर्गजस्ता सामाजिक संचेतनाका अगाडि देवीरमणको वैयक्तिकता निष्प्राण छ; लाचार बनेको छ। यसरी देवीरमणलाई अर्को विवाह गर्न तथा सुभद्रालाई सौता भित्र्याउन बाध्य पार्ने प्रमुख कारक धर्म, नैतिकता, आदर्श र मूल्य मान्यताको सामाजिकताजस्ता अभौतिक सामाजिक वस्तु नै हुन् भन्ने तथ्य 'नासो' कथाको उपर्युक्त विश्लेषणबाट स्पष्ट भएको छ। 'कथाकार मैनालीका पात्रहरू एक एक समाजका प्रतिनिधि हुन्। एक पात्रका आधारबाट त्यसभित्र बाँचेका सम्पूर्ण समाजको धुकधुकी छाम्न सक्नु मैनालीजीको आफ्नै किसिमको प्रवृत्ति हो'[४०] भनेर दैवज्ञराज न्यौपानेले 'नासो' सामाजिक तथ्यमा आधारित रहेको कुरो प्रस्तुत गरे झैँ ईश्वर बरालले पनि 'नासो' प्रथम विशुद्ध नेपाली सामाजिक कथा हुनाले यसमा नेपाली समाजले स्वयम् अनुभव गरेको अनेक थोक पायो'[४१] भनेर 'नासो' कथा सामाजिक तथ्यमा आधारित रहेको पुष्टि गरेका छन्। यसर्थ यस कथामा आएका धर्म र नैतिकताजस्ता कुरा असामाजिक नभएर अभौतिक सामाजिक वस्तु हुन् र 'नासो' कथा सामाजिक वास्तविकताले युक्त छ।

---

[३९] गुरुप्रसाद मैनाली, 'मेरा दुई शब्द', पूर्ववत्, पृ ७

[४०] दैवज्ञराज न्यौपाने, 'कथाकार मैनाली र उनका प्रवृत्तिहरू', पूर्ववत् पृ ६७

[४१] ईश्वर बराल (सम्पा), वि सं २०३३, **झ्यालबाट**, दोस्रो पटक, पुल्चोक, साझा प्रकाशन, पृ १२८

## ४ निष्कर्ष

मैनालीको रचनात्मक दृष्टिकोण समाज जस्तो छ, त्यसको हुबहु प्रस्तुत गर्नु रहेको देखिन्छ। 'नासो'मा परम्परागत विश्वास धारण गरेको समाज छ। दुर्खिम सामाजिक आदर्श, मूल्य मान्यता, धर्म, संस्कृतिलाई समाज संरचनाका अङ्ग मान्दछन्। यिनै सामाजिक अङ्गहरूको प्रकार्य नै समाजको प्रकार्य हो। अभौतिक सामाजिक वस्तुले नै समाजको सञ्चालन गर्ने हुनाले यिनलाई वस्तु सत्यका रूपमा लिनु पर्छ भन्ने मान्यता यस कथाका सन्दर्भमा ठ्याक्कै मिल्न आएको देखिन्छ। सामाजिक एकताको सूत्राधारका रूपमा रहेका हिन्दू धर्म संस्कृतिका कतिपय पक्ष यस कथाका अभौतिक सामाजिक वस्तुका रूपमा छन् जुन झट्ट हेर्दा सामाजिक शक्तिभन्दा बाहिरका कुरा हुन् कि जस्ता लाग्दछन्। तर ती समाजभन्दा बाहिरका नभएर समाज सञ्चालन, व्यवस्थापनका लागि समाजबाटै निर्मित सामाजिक तत्त्व हुन्  भन्ने कुरो यस कथाको विश्लेषणबाट प्रस्ट भएको छ। यस विश्लेषणबाट 'नासो' कथा तत्कालीन नेपाली समाजको वास्तविक अनुहार हो भन्ने प्रस्ट भएको छ।  धर्म, नैतिकताजस्ता अभौतिक सामाजिक वस्तुकै नियमन र नियन्त्रणमा देवीरमणको पारिवारिक जीवन चलेको हुनाले वैयक्तिक इच्छा दबाएर पनि सामूहिक इच्छा पुरा गर्नु पर्ने बाध्यताले गर्दा कथा कारुणिक बन्न पुगेको छ। यसरी 'नासो' कथाको विश्लेषण्बाट देवीरमणलाई अर्को विवाह गर्न तथा सुभद्रालाई सौता भित्र्याउन बाध्य पार्ने प्रमुख कारक तत्त्व धर्म, नैतिकता, आदर्श र मूल्य मान्यताको सामाजिकता असामाजिक कुरा नभएर अभौतिक सामाजिक वस्तु हुन्। यसर्थ कथा आफै आदर्शवादी भएर नमिलेको होइन, आदर्शवादी त जीवन हो। जीवनका आदर्शलाई जस्ताको त्यस्तै प्रस्तुत गर्नु मैनालीको रचनात्मक दृष्टिकोण रहेको पनि यस अध्ययनबाट सिद्ध हुन्छ।